# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, असार १५ गते, २०७९ साल (अतिरिक्ताङ्क ४


# भाग २

## प्रदेश सरकार

## स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९।०२।२४ मा स्वीकृत भएको "प्रदेश स्वास्थ्य संस्था स्थापना, संचालन, नवीकरण तथा स्तोरोन्नती (तेस्रो संशोधन) नियमावली, २०७९" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# प्रदेश स्वास्थ्य संस्था स्थापना, संचालन, नवीकरण तथा स्तोरोन्नती (तेस्रो संशोधन) नियमावली, २०७९

प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः-</u>** (१) यी नियमहरुको नाम “प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (तेस्रो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ को विधि निर्माण सूत्रमा संशोधनः</u>** प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७(यस पछि मूल नियमावली भनिएको) को विधि निर्माण सूत्रको,-

(१)"प्रदेश नं.५, प्रदेश" भन्ने शब्दहरु झिकिएको छ।

(२)"अधिकार प्रयोग गरी" भन्ने शब्दहरु पछि रहेका "प्रदेश नं.५," भन्ने शब्दहरुको सट्टा "लुम्बिनी" शब्द राखिएको छ।

३. **<u>मूल नियमावलीको नियम १ मा संशोधनः</u>** मूल नियमावलीको नियम १ को,-

(१) उपनियम (१) मा नियमावलीको संक्षिप्त नामको "प्रदेश" भन्ने शब्द झिकिएको छ।

४. **<u>मूल नियमावलीको नियम २ मा संशोधनः</u>** मूल नियमावलीको नियम २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "अनुगमन समिति" भन्नाले नियम ७ को उपनियम (५) बमोजिमको अनुगमन समिति सम्झनु पर्छ।"

(२) खण्ड (ग) मा रहेका "प्रदेश नं.५, प्रदेश" भन्ने शब्दहरु झिकिएको छ।

(३) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "प्राविधिक समिति" भन्नाले नियम ७ को उपनियम (१) बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।"

५. **<u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u>** मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः-

"७. **<u>प्राविधिक तथा अनुगमन समिति सम्बन्धी व्यवस्थाः</u>** (१) स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति लगायत स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न र स्वास्थ्य संस्थाको अनुगमन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहायको एक प्राविधिक समिति रहनेछः-

(क) प्रमुख, अस्पताल विषय हेर्ने महाशाखा, मन्त्रालय -संयोजक

(ख) नर्सिङ्ग अधिकृत, मन्त्रालय -सदस्य

(ग) अधिकृत, प्रशासन महाशाखा, मन्त्रालय -सदस्य

(घ) अधिकृतस्तर ईन्जिनियर प्रतिनिधी, प्रदेश सरकारको भवन विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) मेडिकल अधिकृत, मन्त्रालय - सदस्य सचिव

(२) आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवासँग सम्बन्धित स्वास्थ्य संस्था/अस्पतालको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्दा मन्त्रालयको आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा महाशाखा प्रमुख प्राविधिक समितिको संयोजक हुनेछ।

(३) प्राविधिक समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ र प्राविधिक समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(४) प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) नयाँ स्वास्थ्य संस्था स्थापनाको लागि अनुगमन समितिको प्रतिवेदन तथा प्राप्त हुन आएका कागजातको अध्ययन गरी पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा मनसाय पत्रको स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ख) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धमा प्राप्त निवेदनका सम्बन्धमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने,

(ग) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी प्राप्त निवेदन तथा कागजातको अध्ययन तथा स्थलगत निरीक्षणको आधारमा मूल्याङ्कन गरी अनुमति दिन मिल्ने वा नमिल्ने सहितको प्रतिवेदन तयार गरी मन्त्रालयमा सिफारिस गर्ने,

(घ) ऐन, यस नियमावली तथा प्रचलित कानूनको अधीनमा रही स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थाबाट प्रदान गरिएको सेवाको गुणस्तर सुनिश्चित गर्ने र तोकिएका मापदण्ड बमोजिम सञ्चालन भए नभएको जाँचबुझ गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ङ) मन्त्रालयले तोकेका अन्य कार्य गर्ने।

(५) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी आवश्यक अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गरी सिफारिस गर्न निर्देशनालयमा देहायको एक अनुगमन समिति रहनेछ:-

(क) बरिष्ठ जनस्वास्थ्य प्रशासक वा सो सरहको निर्देशकले तोकेको कर्मचारी -संयोजक

(ख) रेडियोलोजिष्ट/रेडियोग्राफिक टेक्नोलोजिष्ट/रेडियोग्राफिक अधिकृत -सदस्य

(ग) प्याथोलोजिष्ट/क्लिनिकल माइक्रोबायोलोजिष्ट/बायोकेमिष्ट -सदस्य

(घ) कन्सल्टेण्ट आयुर्वेद विज्ञ -सदस्य

(ङ) मेडिकल अधिकृत, निर्देशनालय -सदस्य सचिव

(६) अनुगमन समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ र अनुगमन समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(७) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी प्राप्त निवेदन तथा कागजातहरुको अध्ययन गर्ने,

(ख) स्वास्थ्य संस्थाको स्थलगत अनुगमन तथा निरीक्षण गरी निर्देशनालय समक्ष प्रतिवेदन पेश गर्ने,

(ग) ऐन, यस नियमावली तथा प्रचलित कानूनको अधीनमा रही स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थाबाट प्रदान गरिएको सेवाको गुणस्तर सुनिश्चित गर्ने र तोकिएका मापदण्ड बमोजिम सञ्चालन भए नभएको जाँचबुझ गरी निर्देशनालय समक्ष सिफारिस गर्ने,

(घ) स्वास्थ्य संस्थालाई अनुमति दिन मिल्ने वा नमिल्ने समेत खुलाई निर्देशनालय समक्ष सिफारिस गर्ने,

(ङ) निर्देशनालयले तोकेका अन्य कार्य गर्ने।

६. **मूल नियमावलीको नियम २६ मा संशोधनः** मूल नियमावलीको नियम २६ को,-

(१)उपनियम (१) को खण्ड (घ) को सट्टा देहाय खण्ड (घ) राखिएको छः-

"(घ) मन्त्रालयको पूर्व स्वीकृति लिई समितिको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सिर्जना गर्ने,"

**आज्ञाले**

**डा. विकास देवकोटा**

**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय